स्वीकृत मितिः

**..............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

# उखु खेती बीमालेख

यस बीमालेखमा उल्लेख भएको उखु खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री .................. ले यो बीमालेख जारी गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "उखु खेती बीमालेख" रहेको छ ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको उखु खेतीको लागि आवश्यक पर्ने बीउ, खन जोत ,रोपाई, मल र गोडाई व्यवस्थापन सम्बन्धी गतिविधिहरुको विवरण कायम गरेको अभिलेख सम्झनु पर्छ ।

(ग) "उखु खेती" भन्नाले चिनी उत्पादन गर्ने प्रयोजनले लगाईने उखु खेती सम्झनु पर्छ।

(घ) "मोरहन वा मुख्य बाली" भन्नाले उखुको सेट/ बेर्ना प्रयोग गरी रोपण गरिएको उखु बालीलाई सम्झनु पर्छ।

(ङ) "खुटी बाली" भन्नाले पहिलो वर्ष रोपेको उखु बालीलाई काटी सकेपछि जमिनमा बाँकी रहको ठूटोबाट पलाएर आउने बाली सम्झनु पर्छ।

(च) "उखुको सेट (Set)" भन्नाले माघ फागुन महिनामा लगाइएको उखुको ८-१० महिनाको लाँक्राको माथिको ३ आख्ला बाहेकको २-३ स्वस्थ आख्ला भएको लाँक्राको टुक्रा सम्झनु पर्छ।

(छ) "दावी" भन्नाले बीमा गरिएको उखु खेतीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ज) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(झ) "प्राविधिक" भन्नाले एस.एल.सी/एसईई वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. वा कृषि विज्ञान विषय लिई एस.एल.सी./एसईई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) “प्राविधिक जाँच सिफारिस” भन्नाले बीमा गर्न प्रस्तावित उखु खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ट) “बीमक” भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ठ) “बीमा अवधि” भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ड) “बीमाङ्क रकम” भन्नाले बीमालेख बमोजिम उखु खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ढ) “बीमालेख” भन्नाले बीमकले जारी गर्ने उखु खेतीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजात सम्झनु पर्छ।

(ण) “बीमाशुल्क” भन्नाले बीमालेखमा उल्लेख गरिएको उखु खेतीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(त) “बीमित” भन्नाले उखु खेतीको बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(थ) “रक्षावरण” भन्नाले बीमालेखमा उल्लेख भएको उखु खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) “क्षति” भन्नाले यस बीमालेखको दफा ३ बमोजिम रक्षावरण गरिएको जोखिमका कारणले हुने आर्थिक क्षति सम्झनु पर्छ।

(ध) “क्षतिपूर्ति” भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(न) “क्षति मूल्याङ्कनकर्ता” भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ।

(प) “क्षति मूल्याङ्कन प्रतिवेदन” भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले उखु खेतीको क्षति, नष्ट वा नास भई आर्थिक क्षति भएको भनि यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## रक्षावरण

३. रक्षावरण: यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको उखु खेतीमा बीमा अवधिभित्र देहायका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) आगलागी वा अग्निको कारणले भएको क्षति।

(ख) हावाजन्य क्षतिः

(अ) हुरीबतासको कारणले भएको क्षति,

(आ) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) जल उत्पन्न तथा मौसमजन्य क्षतिः

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति,

(आ) असिना वा हिउँको कारणले भएको क्षति,

(इ) बाढी वा डुवानको कारणले भएको क्षति,

(ई) खडेरीको कारणले भएको क्षति,

(उ) तुसारोको कारणले भएको क्षति,

(ऊ) शितलहरको कारणले भएको क्षति।

(घ) भूमिजन्य क्षतिः

(अ) भूकम्पको कारणले भएको क्षति,

(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चट्याङ्गको कारणले भएको क्षति।

(च) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति।

(छ) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर, खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति।

(ज) रोग तथा किराको कारणले भएको क्षति।

४. दुर्घटना बीमा : (१) बीमितले न्यूनतम दुई लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रूपैयाँ बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्ष भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमा शुल्क लाग्नेछ।

(४) एक वर्ष वा सो भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिने बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुनः अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन।

तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै कृषकलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा (४) बमोजिमको अवधिसम्म दुर्घटना बीमा रहनेछ ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-१ बमोजिम राख्नु पर्नेछ।

५. <u>बीमाङ्क रकम भुक्तानी गर्नुपर्नेः</u> दुर्घटना बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. <u>अपवादः</u> (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कारणबाट हुने उखु खेती क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) उखु खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायको आदेशमा उखु खेती नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा।

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) बीमितले प्रस्ताव फाराममा विवरण दिँदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा,

(ख) बीमा गरिएको उखु चोरी भएमा,

(ग) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले उखु खेतीमा क्षति पुऱ्याएमा,

(घ) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबी पूर्ण व्यवहारको कारणबाट उखु खेतीमा क्षति भएमा,

(ङ) कुनै प्रकारको महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको उखु खेतीमा उक्त महामारीबाट क्षति भएमा,

(च) उखु कटानी (**Harvest**) गरीसकेपछि उखुमा हुने कुनै पनि प्रकारको क्षति/हानी नोक्सानी भएमा ।

(छ) नेपाल सरकारबाट उन्मोचित (रिलीज) वा सूचीकृत गरिएका उखु खेतीका जात वा चलनचल्तीबाट स्थापित जातहरू बाहेक अन्य जातको बीउ प्रयोग गरिएमा,

(ज) उन्मोचित (रिलीज) तथा सिफारिस जातहरूको हकमा जात अनुसारको सिफारिस क्षेत्र फरक पारी बाली लगाएमा।

## परिच्छेद-३
## बीमालेख तथा बीमा सम्बन्धी शर्त

७. प्रस्ताव फारम बुझाउनु पर्ने: (१) बीमालेख खरिद गर्नु पूर्व बीमितले अनुसूची-२ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा अनुसूची-३ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित उखु खेतीको प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी दिएको प्राविधिक जाँच सिफारिसपत्र संलग्न गर्नु पर्नेछ।

८. बीमालेख जारी गर्ने : (१) दफा ७ बमोजिमको प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिसपत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२) उखु खेतीको बीमा गर्दा लागतको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि बीमितले अनुदान बाहेकको बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. पुनःजाँच परीक्षण तथा निरीक्षण गर्नु पर्ने: दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको उखु खेतीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-४ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

१०. बीमालेख रद्द हुने अवस्था:(१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको नपाइएमा,

(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,

(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको पाइएमा,

(घ) बीमा गरेको उखु खेतीलाई उचित हेरचाह नगरी लापरवाही गरेको पाइएमा,

(ङ) बीमा गरेको उखु खेती त्याग गरेमा,

(च) गैरकानूनी तवरले बीमा गराएमा,

(छ) बीमायोग्य हित कायम नभएमा।

(२) उपदफा (१) बमोजिमम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नाको कारण समेत खुलाउनु पर्नेछ ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिनभित्र प्राधिकरणमा दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नु पर्ने छैन।

११. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत उखु खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा बीमा गर्नु पर्नेछ।

(२) बीमा गरिएको उखु खेतीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो उखु खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१२. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको उखु खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१३. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले गरेको उखु खेतीको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले सो कुराको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

१४. <u>बीमालेखको पुनर्स्थापनाः</u> उखु खेती बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. <u>बीमालेखको अवधिः</u> (१) उखु खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन ।

(३) बीमालेखको अवधि अधिकतम् पन्ध्र महिना सम्म हुनेछ।

(४) यस बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ ।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिनु पर्नेछ।

१६. बीमकको कर्तव्यः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछः-

(२) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने उखु खेती समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(३) बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

(४) बीमकले यस बीमालेख बमोजिम उखु खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

(५) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) बीमकले बीमितलाई यस बीमालेखसंग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

(७) यस बीमालेख बमोजिम उखु खेतीको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्णरूपले पालना गर्नु पर्नेछ।

(२) बीमक वा तोकिएका संस्थाका प्रतिनिधीलाई बीमितले बीमा गरिएको उखु खेतीको अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नु पर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. बीमा गर्न नपाइनेः एउटै क्षेत्रफलमा लगाइएको उखु खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद- ४

## बीमाङ्क तथा बीमाशुल्क

१९. बीमाङ्क निर्धारणः उखु खेतीको बीमाङ्क निर्धारणका लागि **अनुसूची-५**मा भएको तालिकालाई आधार मान्नु पर्नेछ ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भइसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाईने छैन।

(२) बीमा अवधि भित्र बीमा गर्नुपर्ने उखु खेतीको क्षेत्रफल थप गर्नु परेमा त्यसरी थप गरिने उखु खेतीको छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. <u>बीमा शुल्क र गणनाः</u> (१) यस बीमालेख बमोजिम जारी हुने उखु खेतीको बीमा शुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने उखु खेतीको बीमा शुल्क गणना अनुसूची-६बमोजिमको सुत्रलाई आधार मानेर गरिनेछ।

(३) एक वर्ष भन्दा बढी अवधिको बीमाको लागि वार्षिक बीमाशुल्कको समानुपातिक (Pro Rata) हिसाबले थप बीमाशुल्क लिई बीमालेख जारी गर्न सकिनेछ । तर यस्तो अवधि पन्ध्र महिना भन्दा बढी हुने छैन।

२२. <u>सामूहिक बीमाः</u>(१) उखु खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै उखु खेतीको अभिलेख कायम गर्नु पर्नेछ।

## परिच्छेद -५

## <u>उखु बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था</u>

२३. <u>बीमितिले पालना गर्नुपर्नेः</u> (१) उखु खेतीको बीमा गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछ :-

(क) उखु लगाएको/रोपेको एक महिना भित्र बीमा गरी सक्नुपर्ने,

(ख) उखु खेती तराई, भित्री मधेश, पहाडका वेंशी तथा टारहरूमा गर्न सकिने,

(ग) पानी निकासको प्रबन्ध भएको, प्रयाप्त प्रांगारिक पदार्थ भएको चिस्यान अढ्याउन सक्ने कम्तीमा ५० से.मी गहिरो खाडलमा भएको माटोमा गर्न सकिने,

(घ) नब्बे (९०) प्रतिशत भन्दा बढी स्वास्थ आंख्ला भएको नढलेको लाक्राको माथिको तीन आंख्ला बाहेक सबै बीउको रूपमा प्रयोग गर्न सकिने,

(ङ) उखु खेती रोपण गर्दा २/३ आंख्ला भएको, पातलो जातको लागि प्रतिहेक्टर ४५-५४ क्वीन्टल र मोटो जातको लागि ५४-६० क्वीन्टल बीउ दर प्रयोग गर्नु पर्ने,

(च) प्रति हेक्टर ४०,५०० (तीन आंख्ला भएको) सेटस् बीउको प्रयोग गर्नुपर्ने,

(छ) पोलिथिन थैलामा तयार गरिएको बेर्ना भएमा प्रति हेक्टर २४,३०० बेर्ना प्रयोग गर्नु पर्ने,

(ज) बीउ काटेको चौबिस घण्टा भित्र रोपी सक्नु पर्ने,

(झ) उखुको बीउ (सेट) वसन्तकालीन (माघ-फागुन)महिनामा रोपाई गरिएको मोरहन (मुख्य) बाली बाट लिईएको र ८ देखि १० महिनाको हुनु पर्ने,

(ञ) उखुको बीउ (सेट) लाई उपयुक्त विधि (तातोपानी वा रासायनिक) तरिकाबाट उपचार गरेर रोप्नु पर्ने,

(ट) उखु खेती शरदकालीन रोपाईको रूपमा असोज-कार्तिकमा र वसन्तकालिन रोपाईको रूपमा माघ-फागुनमा गर्नु पर्ने,

(ठ) माटोको उर्वराशक्तिको अवस्था अनुसार सामान्यतया दश टन प्रांगारिक मल १२०: ६०:४० के.जी नाईट्रोजन, फस्फोरस र पोटास मल प्रयोग गर्नु पर्ने,

(ड) उखु खेती नाला विधि, त्रिभुजकार विधि, समानान्तर विधि, तेर्सो वारपार विधि वा बेर्ना सार्ने विधिबाट गर्न सकिने,

(ढ) रोप्ने दुरी उखुको जात, उर्वाराशक्ति भएको माटोमा ७५-९० से.मी, मध्यम उर्वराशक्ति भएको माटोमा ९०-१०५ से.मी र बढी उर्वराशक्ति भएको माटोमा १२० से.मीको फरकमा रोप्नु पर्ने,

(ण) उखुको राम्रो उत्पादनको लागि उपलब्ध भएसम्म ५/६ पटक हलुका सिंचाई दिनुपर्ने,

(त) उखु बालीलाई उखु रोपेको ३०-४० दिनमा सिंचाई गर्नु अघि पहिलो गोडाई र माटो उकेरा लगाउनु पर्ने र दोस्रो पटक रोपेको ६०-७० दिनमा गोडमेल, टपड्रेस गरी उकेरा लगाउनु पर्ने,

(थ) उखुको विरूवालाई श्रावणको दोस्रो हप्तासम्ममा सुकेको पातबाट पहिलो पटक करिब ४५-५० सी.एम उचाईमा, दोस्रो पटक भदौको दोस्रो हप्तामा पहिलो वंधाईको ५० से.मी. माथी बाध्नु पर्ने,

(द) सामान्तया छिटो पाक्ने जातहरू मंसीर महिना देखि मध्य सिजनमा पाक्ने जातहरू पौष महिना देखि र मुख्य सिजनमा पाक्ने जातहरू माघको दोस्रो हप्ता देखि उत्पादन लिन सकिन्छ ।

(ध) उखुलाई मुख्य बालीको रूपमा एकपटक र खुट्टी बालीको रूपमा दुई पटक सम्म उत्पादन लिन सकिन्छ ।

(न) उखु खेती भित्र लगाइएका अन्तरबालीहरू उखु बालीसँग प्रतिस्पर्धा नगर्ने, जराहरू धेरै टाढा र गहिराईमा नजाने, भाइरसको प्रकोप नहुने, छोटो समयमा तयार हुने तथा लहरा बोटमा नजाने खालका तेलहन बाली, दलहन बाली, अन्न बाली, तरकारी बाली, मसला बालीहरू लगाउन सकिनेछ ।

(प)बीमा गरिएको उखु खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित स्याहार, रेखदेख तथा उपचार गराई सो को अभिलेख वा विवरण सुरक्षित रूपमा राख्नु पर्ने,

(फ) आयातित विरूवाको हकमा प्रचलित कानुन बमोजिम फाइटोस्यानिटरी प्रमाण पत्र प्राप्त गरेको हुनु पर्ने,

(ब)उखु खेती गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनु पर्ने।

परिच्छेद -६

## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको उखु खेतीको क्षति भएमा क्षति भएको तीन (३) दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरिक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधिक वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको अनुसूची-७ बमोजिमको अद्यावधिक अभिलेखको प्रति ।

२६. दावीः (१) बीमितले दफा २५ बमोजिमका कागजात सहित बीमक समक्ष बीमा दावी गर्नु पर्नेछ ।

(२) बीमकले उखु खेतीको दावी भुक्तानी गर्दा अनुसूची-८ बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानी गर्नु पर्नेछ।

२७. दावी फछ्र्यौटः (१) दफा २६ बमोजिम दावी परेपछि बीमकले तत्काल उखु खेती क्षतिको बीमा दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम उखु खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको उखु खेतीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ ।

(१०) बीमालेख अन्तर्गत दावी भुक्तानी योग्य रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

## परिच्छेद -७
## विविध

२८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ उखु खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रयाएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

२९. न्यूनतम क्षेत्रफलः (१) उखु खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने खेतीको न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने उखु खेती गरिएको जग्गाको कित्ता नं. उल्लेख गर्नुपर्नेछ ।

तर कित्ता नं. उल्लेख नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. समेतका प्रमाण लिनु पर्नेछ ।

३०. उजुरी गर्न सक्नेः (१) देहायको अवस्था आइ परेमा बीमितले विस्तृत विवरण खुलाई प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमितले दिएको दावीको निवेदन बीमकले दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

................इन्स्योरेन्स कम्पनी लिमिटेड

**काठमाण्डौ, नेपाल**

**अनुसूची-१**

**(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)**

**उखु खेती सामुहिक बीमाको विस्तृत विवरण**

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको प्रतिनिधिको**

हस्ताक्षरः

नामः

पदः

संस्थाको प्यान नं.:

छापः

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**उखु खेती बीमाको प्रस्ताव फाराम**

(१) उखु खेती बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः............................................

(२) प्रस्तावकको पूरा ठेगानाः प्रदेश..................जिल्ला...................पालिका......... वडा नं................
टोलः ................... सम्पर्क नं. ..................ईमेल.................................

(३) प्रस्तावित बीमाको किसिमः (चिनो लगाउनुहोस्)

(क) लागतमा आधारित ( )

(४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः-

| क्र.सं. | उखु खेती | | रोपण सामग्री | | क्षेत्रफल |
|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | मोरहन वा मुख्य बाली | खुटी बाली | |
| | | | | | |

(५) उखु खेती लगाईएको स्थानको विवरण

प्रदेश..................जिल्ला...................पालिका ................वडा नं.................टोलः..................
कित्ता नं. .................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं.(ऐलानी जग्गाको हकमा) ........... जग्गाको क्षेत्रफलः .....................
खेती गरिएको जग्गाको प्रकृति (क) समथर ☐ (ख) भिरालो ☐ (ग) कान्लो ☐ (घ) डिल ☐

(६) उखु खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस ?

(७) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः

समूह वा बीमालेख धारकको नामः .......................... उखु लगाइएको स्थान.......................
ठेगानाः प्रदेश.....................जिल्ला....................पालिका.................. कित्ता नं.....
सम्पर्क नं. ......................... इमेल..........................................
चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं.(ऐलानी जग्गाको हकमा) ........

(८) उखु रोपण गरेको मितिः .........................

(९) उखु लगाउनु पूर्व लगाएको बालीको विवरण .........................

(१०) उखु खेतीको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने उक्त बालीको नाम उल्लेख गर्नुहोस्...............................

(११) सिंचाईको उपलब्धता भए, नभएको उल्लेख गर्नुहोस् ...........................

(१२) उखु खेतीमा मलखाद प्रयोगको स्थितिः

कम्पोष्ट मल (के.जी.) ............................

युरीया (ग्राम) ......................

डी.ए.पी. (ग्राम) ........................

पोटास (ग्राम) ...........................

अन्यः ...............................

(१३)कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ? यदि छ भने कहाँबाट के के प्राप्त गर्नु भएको छ?

..... ........................................................................................

(१४)तपाईले यस अघि गर्नु भएको उखु खेतीमा किरा वा रोग लागेको थियो ? ................................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो ? ...................................................

(१५)यदि किरा वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्ः

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१६)यस अघि कुनै बीमा कम्पनीमा उखु खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(१७) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त उखु खेतीमा लगानी गरेको छ वा छैन? यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ....................

प्रदेश..................जिल्ला....................पालिका................वडा नं..............टोलः.....................

सम्पर्क नं. ...............................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................ अक्षरेपी ............................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, उखु खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं। मैले/हामीले बीमासङ्ग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत)ः

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नामः

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची ः३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>प्राविधिकको जाँच सिफारिसपत्र</u>**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) उखु खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः..............................................

(२) पूरा ठेगानाः प्रदेशः.................... जिल्ला ................ पालिका....................वडा नं. ...
टोलः..................... सम्पर्क नं................ ईमेल.....................................

(३) उखुको जातः .............

(४) उखु लगाईएको स्थानको पूर्ण विवरणः
प्रदेशः................. जिल्ला.............. पालिका.......... वडा नं. ........... टोलः................
कित्ता नं. ............ चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं............. (ऐलानी जग्गाको हकमा) जग्गाको क्षेत्रफलः..................................
खेति गरिएको जग्गाको प्रकृति (क) सम☐ (ख) भि☐ो

(५) उखु लगाईएको जग्गाको भौगोलिक अवस्थितिः-

(क) समुन्द्र सतहबाट उखु खेती गरिएको जग्गाको उचाईः ..................

(ख) जग्गाको मोहडाः..................

(ग) सिंचाईको उपलब्धता छ ☐ छैन ☐

(६) उखुको बोटहरुको बीचमा अन्तरबाली लगाएको भए बालीको नाम ..........................

(७) उखुको बोटहरुमा कुनै रोग/कीराको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस्। .................................................................

(८) त्यस क्षेत्रमा विगतमा उखु खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो ? यदि थियो भने कहिले कुन रोग वा कीराबाट क्षति भएको हो ? उल्लेख गर्नुहोस ।..............................................

(९) उखु खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस्। ...................................................................................................................

(१०) उखु खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ?

ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?......................................

(११) उखु खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

..............................................................................

यस अनुसूचीमा उल्लिखित उखु खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा ९ सँग सम्बन्धित)**

**प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन**

उखु खेती बीमित (व्यक्ति वा संस्था) को नामः............................................................

(१) उखु खेती बीमालेख नं.

(२) बीमा गरिएको अवधि

(३) उखु खेती गरिएको स्थानः

प्रदेश ............ जिल्ला .............. पालिका ............ वडा नं. .......... टोलः.....................

(४) उखु खेतीको क्षेत्रफलः

(५) उखु खेतीको उचित स्याहारः

(क) मलजल गरेको वा नगरेको .......................

(ख) मलखादको विवरण .......................

(ग) सिँचाई गरेको वा नगरेको .............................

(घ) अन्तर बाली लगाएको वा नलगाएको ...................................

(ङ) अन्तर बाली लगाएको भए कुन कुन प्रकारका बाली र कुन अवधिमा लगाइएको .......

(च) रोग र किरा लागेको वा नलागेको ...............................................

(छ) रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको ..................

(ज) रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ..........................

(झ) रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको ........................

(ञ) सटिइएको जग्गामा रोग तथा किराको प्रकोप देखिएको भए उल्लेख गर्ने ................

(६) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको उखु खेतीको विस्तृत विवरण

.......................................................................................................................

(७) उखु खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव ।

..............................................................................................................

(८) उखु खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव ।

..........................................................................................................................

यस अनुसूचीमा उल्लिखित उखु खेतीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा

उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**<u>प्राविधिकको</u>**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

**................इन्स्योरेन्स कम्पनी लिमि टेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -५**

**(दफा १९ सँग सम्बन्धित)**

**उखु खेती बीमाङ्क निर्धारण तालिका**

क) बीमाङ्क कायम गर्ने तरिका

बीमाङ्क = I X II

बीमाङ्क = अधिकतम उत्पादन लागत प्रति/हेक्टर

I = कृषि विकास मन्त्रालयको अघिल्लो आ.वको तथ्याङ्क अनुसार उखुको राष्ट्रिय औषत उत्पादन (क्वीन्टल प्रति हेक्टर)।

II = अघिल्लो वर्ष नेपाल सरकारको सम्बन्धित निकायद्धारा सहजिकरण गरी/नेपाल चिनी उत्पादक संघ तथा नेपाल उखु उत्पादक कृषक महासंघ बीचको सहमति अनुसारको प्रति क्वीन्टल खरिद मुल्य।

| मोरहना वा मुख्य बाली Main Crop (A) | खुट्टी बाली Ratoon Crop (B) |
|---|---|
| I = अघिल्लो वर्ष तोकिएको मुल्य (A) - (A) को २५ % | I = अघिल्लो वर्ष तोकिएको मुल्य (B) - (B) को ३५% |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-६

**(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>उखु बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका</u>**

<table>
<tr>
<td>उखु बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br>नागरिकता जारी गरिएको जिल्ला/संस्थाको हकमा संस्था दर्ता भएको स्थान..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र नं. किसिम तथा नम्बर.....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था.....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति .....................<br>व्यक्ति/संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः......................जिल्ला...................<br>पालिका.....................वडा नं. .............<br>टोल....................घर नं. .........<br>सम्पर्क नं. ..............................<br>ईमेल ठेगाना.............................</td>
<td>बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नंः.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नंः.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समयः<br><br>नगदी बीजक नंः.<br><br>बीमाङ्क रकम रुः</td>
</tr>
<tr>
<td rowspan="2">(खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः .....................<br>लागतमा आधारित ( )<br>क्षेत्रफल ................<br><br>मोरहन वा मुख्य बाली वा खुटी<br>...............................<br><br>बीमा प्रारम्भ मितिः ................<br>बीमा समाप्ति मितिः.............................</td>
<td><u>बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा</u><br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकमः<br>ऋणको अवधिः</td>
</tr>
<tr>
<td>उखु लगाइएको स्थानः<br><br>प्रदेशः........जिल्ला............ पालिका............. वडा नं. ............. टोल.........................</td>
</tr>
</table>

<table>
<tr><td>बीमा अवधिः .................</td><td colspan="4">कित्ता नं ...........<br><br>चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) ............</td></tr>
<tr><th>इच्छाईएको व्यक्तिको</th><th colspan="4">उखु खेती बीमा गणना तालिका</th></tr>
<tr><td rowspan="4">नाम, थरः<br>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः<br>इच्छाईएको व्यक्तिको बुबा/आमाको नामः<br>ठेगाना.................<br>सम्पर्क नं. ..............<br>ईमेल ...........................</td><th>क्षेत्रफल</th><th>बीमाङ्क रकम</th><th>बीमाशुल्क</th><th>जम्मा बीमाशुल्क</th></tr>
<tr><td></td><td></td><td>बीमाङ्क रकमको ५ प्रतिशत.......</td><td>रु."क"</td></tr>
<tr><td colspan="3">कुल जम्मा बीमाशुल्क (क)</td><td>रु. "ख"</td></tr>
<tr><td>प्रत्यक्ष छुट (प्रतिशत खुलाउने)</td><td colspan="3">(......% ) = रु. "ग"</td></tr>
<tr><td rowspan="6"></td><td>छुट पछिको बीमाशुल्क</td><td colspan="3">प्रत्यक्ष छुट भएमा (ख-ग) =रु."घ"<br>छुट नभएको हकमा (ख- ०)</td></tr>
<tr><td rowspan="2">नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम</td><td colspan="3">अनुदान बापत (घ ×..... %) = रु."ङ"</td></tr>
<tr><td colspan="3">बीमितले तिर्ने (घ-ङ) = रु."च"</td></tr>
<tr><td>बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क</td><td>बीमितको सङ्ख्या "अ"</td><td>बीमाशुल्क (रु २००) "आ"</td><td>(अ × आ) रू. "छ"</td></tr>
<tr><td>बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क</td><td colspan="3">च + छ = रु. "ज"</td></tr>
</table>

<u>बीमालेख स्वीकृत गर्ने अधिकारिको</u>

हस्ताक्षरः

नामः

पदः

मितिः

छापः

................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -७

(दफा २३ को को खण्ड (ब) र दफा २५ को खण्ड (ङ) सँग सम्बन्धित)

## उखु खेती सम्बन्धी प्राविधिक व्यवस्था सम्बन्धी अभिलेख

(१) उखु खेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| उखु सेट रोपण | | | |
| सिंचाई | | | |
| गोडमेल | | | |
| मलखाद | | | |
| अन्तरबाली लगाएको | | | |
| अन्य | | | |

(२) रोपणको लागि प्रयोग गरिने सेट/बेर्ना विवरण

| क्र. सं. | प्राप्त गरेको मिति | नर्सरीको नाम तथा ठेगाना | मोरहना वा मुख्या बाली वा खुटी बाली | औसत उत्पादन (के.जी.) | बिरुवा तयार गरेको विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(३) उखु उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण

| मिति | उत्पादन परिमाण (के.जी.) | घरायसी उपयोगको परिमाण (के.जी.) | बिक्री परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| कुल | | | | |

(४) विषादीको प्रयोग

| बिषादी प्रयोग गरेको मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको स्रोत(आफैंले बनाएको/ किनेको) | खरिद गरेको भए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

.

**..............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ८**

**(दफा २६ को उपदफा (२) सँग सम्बन्धित)**

**उखु खेतीको बीमा दावी भुक्तानी तालिका**

| **१२ महिनामा तयार हुने उखु बाली** | **१५ महिनामा तयार हुने उखु बाली** | **बीमाङ्क रकमको अधिकतमा भुक्तानी प्रतिशत** | |
|---|---|---|---|
| | | मुख्य बाली | खुट्टी बाली (Ratoon crop) |
| सेट/बेर्ना रोपण गरेको पहिलो ४ हप्ता | सेट/बेर्ना रोपण गरेको पहिलो ५ हप्ता | ४० | १० |
| ४—८ हप्ता | ५—१० हप्ता | ६० | ३५ |
| ८—१६ हप्ता | १०—२० हप्ता | ७५ | ७५ |
| १६—२० हप्ता | २०—२५ हप्ता | ८० | ८० |
| २०—२८ हप्ता | २५—३५ हप्ता | ८५ | ८५ |
| २८—३६ हप्ता | ३५—४५ हप्ता | ९० | ९० |
| ३६—४४ हप्ता | ४५—५५ हप्ता | ९५ | ९५ |
| ४४—४८ हप्ता | ५५—६०हप्ता | १०० | १०० |

**नोटः** (१) बीमा अवधि भित्र दावी परेमा निम्नानुसार जुन समय(हप्ता) मा दावी पर्छ सोही समय(हप्ता) अनुसार वास्तविक क्षतिको आधारमा दावी भुक्तानी गर्नुपर्नेछ।

(२) प्रति हेक्टर बीमाङ्कको २.५ प्रतिशत भन्दा कम बीमा दावी मूल्याङ्कन भएमा बीमा दावी हुने लाग्ने छैन।

(३) खेती गरिएको उखु क्षति भएको अवस्थामा बिक्री हुने उखु बिक्री गरी बाँकी हुन आउने क्षतिको मात्र दावी भुक्तानी गरिनेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-९**

**(दफा २७ को उपदफा (४) र (७) सँग सम्बन्धित)**

**उखु खेती क्षति मूल्याङ्कन प्रतिवेदन**

**१. क्षति मूल्याङ्कनका लागि तोक्ने बीमकको नाम**

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. र मिति .............

**२. क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः** ...................................................

प्यान (PAN) नं. .............................. कोड नं..... ................................................

सम्पर्क नं. ..........................     इमेल....................................

**३. क्षति मूल्याङ्कन गर्ने स्थानको पूरा ठेगानाः**

प्रदेशः...................जिल्ला................पालिका ....................वडा नं............. टोलः.....................

क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः................................

क्षति मूल्याङ्कनका लागि लागेको अवधिः

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ......................

**४. दावी कर्ताको विवरणः**

बीमा दावीकर्ताको नामः ...........................................

ठेगानाः ..............................................

बीमालेख नं. ................................................

क्षति भएको बीमाको किसिमः आंशिक ☐     पूर्ण ☐

**५. क्षति सम्बन्धी विवरणः**

क्षति भएको मितिः.......................................क्षति भएको समयः ...........................

**६. क्षति हुनुको कारणः**

७. क्षतिको मूल्याङ्कनः

| क्षतिको मूल्याङ्कन | |
|---|---|
| **विवरण** | **गणना** |
| **बीमा भएको उखु खेतीको क्षेत्रफलः** | .............................. |
| कुल क्षति मूल्य रू. | (क्षति भएको क्षेत्रफल * प्रति हेक्टर लागत रू* वास्तविक क्षति प्रतिशत) /१०० |
| **अधिक रकम (रू. १०,००० वा दाबी रकमको १० % (दश प्रतिशत) मध्ये जुन कम हुन्छ)** | ........................... |
| **खुद क्षति मूल्य** | कुल क्षति मूल्य रू. — अधिक रकम |

८. फोटो संख्या (कम्तीमा पाँचवटा) ..........................................................

९. कम्तीमा एक मिनेटको भिडियो क्लिप ..............................................

माथि उल्लिखित उखु खेतीमा भएको क्षति सम्बन्धमा क्षति मूल्याङ्कन गर्दा लिइएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा प्राप्त भएका तथ्यगत जानकारी तथा विवरणहरू ठीक र साँचो छन्। सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

| **क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**<u>क्षति मूल्याङ्कनकर्ताको:</u>**

नामः ..............................................

सम्पर्क नं..............................................

कोड नं./

दर्ता नं./इजाजतपत्र नं. ........................

प्यान नं.: .....................

हस्ताक्षरः

**संस्थाको हकमाः**

कार्यालयको छापः

मितिः